नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ७२ २०८२ साल असोज २८ गते मंगलबार (14 Oct 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : पुनर्जागरण समयको... ३ पृष्ठमा : पार्टीमा युवा विद्यार्थीको ... ३ पृष्ठमा :ट्रम्पलाई इजरायलको सर्वोच्च...

## पत्रकार माझीमाथी गरिएको अभद्र व्यवहार र हातपातप्रति तीन पत्रकार संघ संगठनद्वारा भर्त्सना

**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**
नेपाल पत्रकार महासंघ शाखा सप्तरीका केन्द्रिय परिषद सदस्य तथा राजधानी दैनिक र प्राईम टिभीका सप्तरी सम्वाददाता मनोज कुमार माझीमाथी सोमबार शम्भुनाथ नगरपालिका वडा नं. ११ मा केही व्यक्तिहरुद्वारा गरिएको अभद्र व्यवहार र हातपातको तीन पत्रकार संघ संगठनले घट्ना प्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष बिनयकुमार लाल कर्ण, प्रेस चौतारी नेपाल सप्तरीका अध्यक्ष डम्बर राई र समाजवादी प्रेस संगठन सप्तरीका अध्यक्ष अनिल पोखरेलद्वारा जारि संयुक्त विज्ञप्तिमा घटनाप्रति गम्भिर ध्यानाकर्षण भएको उल्लेख छ ।

विज्ञप्तिमा “जनताको बास्तविकताबाट अवगत गराउन अहोरात्र धरातलमा खटिने सञ्चारकर्मी उपर गरिएको हातपातले समाचार संकलनमा असुरक्षित रहने पत्रकारको मनोभावनाले समुन्नत समाजको कदापी निर्माण हुन नसक्ने भएकाले शम्भुनाथ नगरपालिका ११ मा एक व्यक्तिको जग्गामा घेराबेराको काम प्रहरी समेतको उपस्थितिमा हुँदै गर्दा समाचार संकलन गर्न गएका पत्रकार माझी उपर सोही नगरपालिकाका एक वडाध्यक्षको नेतृत्वमा आएको समूहले समाचार संकलनबाट रोक्ने, निजको मोबाईल फुटाउने, प्रेस कार्ड च्यात्ने र हातपात गालीग्लौज गरी अभद्र व्यवहार हुनु दुभाग्यपुर्ण र निराशाजनक रहेको हाम्रो ठम्याई छ र हामी यस घट्नाको घोर विरोध गर्दछौं ।”

जिल्लामा पत्रकारले सुरक्षित वातावरणमा समाचार संकलन गर्ने परिस्थिति सृजना गर्न उक्त घट्नाका दोषीहरुलाई कानुनी कारवाहीको दायरामा ल्याउन जोडदार माग गर्दै विज्ञप्तिमा सम्बन्धित सबैमा सकारात्मक सन्देश प्रदान गर्न सबै सरोकारबाला, स्थानिय प्रशासन, पालिका र आम जनसुदायमा हार्दिक अपिल समेत गरिएको छ ।

## सर्पको टोकाईबाट वृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**
सप्तरीको छिन्नमस्ता गाउँपालिकामा सर्पको टोकाईबाट एकजना वृद्धको मृत्यु भएको छ ।

गाउँपालिकाको वडा नम्बर २ मोहनपुर घर भएका ७२ बर्षीय बिन्देश्वर यादवको सर्पको टोकाईबाट मृत्यु भएको हो ।

आईतवार साँझ आफ्नो गाई गोठमा बसिरहेका बेला सर्पले बायाँ खुट्टामा टोकि उनी घाइते भएका थिए । घाईते यादवलाई उपचारका लागि गोल्डेन अस्पताल बिराटनगर लगिएकोमा त्यहाँ चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर पुरीले जानकारी दिए ।

मृतक यादवको शव पोष्टमार्टमका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा राखिएको उनले बताए ।

## चोरीका चार मोटरसाइकलसहित सात जना पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**
सप्तरी प्रहरीले चोरीका चार मोटरसाइकलसहित सात जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा राजविराज नगरपालिका वडा नं. १० का शिवनन्दन यादव, वडा नं. ११ अजयकुमार यादव तथा सोही पालिकाको वडा नं. १५ का अनिलकुमार यादव, राजनारायण यादव, सचिन यादव र गजेन्द्र यादव छन् । यस्तै उदयपुरको बेलका नगरपालिका ९ का गणेश बहादुर विश्वकर्मा पनि पक्राउ परेका छन् ।

अघिल्लो दिन साँझ पक्राउ परेका उनीहरुलाई चोरी मुद्दामा सप्तरी जिल्ला अदालतबाट म्याद थपिएपछी सोमबार प्रहरीले पत्रकार सम्मेलन गरि सार्वजनिक गरेको छ ।

प्रहरी नायब उपरिक्षक गौतमकुमार केसीले उनीहरुको साथबाट चोरीमा प्रयोग गरिने उपकरण तथा चोरीका चार वटा मोटरसाइकल बरामद भएको छ । बरामद मोटरसाइकल आवश्यक प्रक्रिया पश्चात् सम्बन्धित मोटरसाइकल धनीलाई बुझाउने उनले बताए ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डम्बर बहादुर पुरीको कमाण्डमा खटिएको टोलीले उनीहरुलाई पक्राउ गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

जिल्लाको विभिन्न स्थानबाट पाँच वटा मोटरसाइकल चोरी भएको उजुरीको आधारमा खोजतलास कार्यलाई व्यापक बनाइएपछी चार वटा मोटरसाइकल बरामद गर्न सफल भएको प्रहरी नायब उपरिक्षक पुरीले जानकारी दिए ।

## पाँच हजार ५ सय ४७ कैदीबन्दी अझै फरार

काठमाडौं, २७ असोज (रासस) ।
गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण देशभरका कारागारबाट भागेकामध्ये पाँच हजार ५४७ कैदीबन्दी अझै फरार छन् ।

कारागार व्यवस्थापन विभागले फरार कैदीबन्दीलाई कारागार फिर्ता ल्याउन अझ प्रभावकारी बनाउने जनाएको छ । आइतबारको गृहमन्त्री स्तरीय बैठकले कैदीबन्दीलाई कारागारमा फिर्ता ल्याउन केही महत्त्वपूर्ण निर्णय गरेको समेत विभागले स्पष्ट पारेको छ । हालसम्म नौ हजार आठ जना कैदीबन्दी कारागार फिर्ता भएको विभागले जनाएको छ ।

फरार कैदीबन्दीको सम्बन्धमा सम्बन्धित कारागार कार्यालयबाट प्राप्त नामावलीसहितको विवरण गृह मन्त्रालयमार्फत् निर्वाचन आयोग, सुरक्षा निकायमा उपलब्ध गराइनेछ । अध्यागमन विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, यातायात व्यवस्थापन विभाग, राहदानी विभाग, वैदेशिक रोजगार विभाग, श्रम विभाग, नापी विभागलगायतका सेवाग्राहीको आवागमन धेरै हुने निकाय र ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पठाउने जनाइएको छ । फरार कैदीबन्दीको विवरण विभागको वेबसाइटमा प्रकाशित गरिनेछ ।

त्यसैगरी जिल्लास्थित सार्वजनिक निकायमा विवरण उपलब्ध गराउने र कुनै सार्वजनिक सेवा लिन आएको खण्डमा पक्राउ गरिनेछ । फरार कैदीबन्दीहरूको खोजी तथा पक्राउ अभियानलाई अझ नियमित, सशक्त र समन्वयात्मक रूपमा अघि बढाउने निर्णय भएको विभागले जनाएको छ ।

## खाल्टोको पानीमा डुबेर तीन बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, २७ साउन ।**
रौतहटमा सोमबार बिहान पानी भरिएको खाल्टोमा डुबेर तीन जना बालिकाको मृत्यु भएको छ । रौतहटको राजदेवी नगरपालिका ८ लक्ष्मीपुरका तीन जना बालिकाको पानीको एउटै खाल्टोमा परेर मृत्यु भएको हो ।

मृत्यु हुनेमा राजदेवी नपा ८ लक्ष्मीपुर टोल बस्ने इन्दल बैठाको १३ वर्षीया छोरी आस्थाकुमारी बैठा, सोही गाउँका नवल यादवको १५ वर्षीया छोरी राघनीकुमारी यादव र रूपा बैठाको १५ वर्षीया छोरी मौसमीकुमारी बैठा रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका निमित्त सूचना अधिकारी तथा प्रहरी निरीक्षक रामकुमार महतोले जानकारी दिए ।

घाँस काट्नका लागि लक्ष्मीपुरबाट गौर नगरपालिका १ कानुपट्टिस्थित भित्री सडक खण्डमा बाटोमा नजिकै रहेको पानीको खाल्टो तर्ने क्रममा डुबेर मृत्यु भएको प्रहरी निरीक्षक महतोले जानकारी बताए । सोमबार बिहानै एउटै टोलका सात जना बालिका घाँस काट्न गएका थिए । जसमध्ये चार जना सकुशल पानीको खाल्टो तरेको र बाँकी तीन जना बेपत्ता भएको प्रहरी निरीक्षक महतोले जानकारी दिए ।

## महोत्सवको नाम दिएर समाजमा बिकृती फैलाउने काम : जेनजी यूवा समूह

**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**
जेनजी सप्तरी समुहका युवाहरुले सप्तरीको बोदेबरसाइनमा महोत्सवको नाममा अश्लिल प्रदर्शन र समाजमा विकृती फैलाउने काम भईरहेको आरोप लगाएको छ ।

राजविराजमा सोमबार पत्रकार सम्मेलनको आयोजना गरी उनीहरुले नगरपालिकाको वडा नं. ५ स्थित बरसाइनमा महोत्सवको नाम दिएर समाजमा बिकृती फैलाउनुको साथै स्थानिय स्तरमा व्यापार व्यवसायीलाई समेत चौपट् बनाएको काम भएको आरोप लगाए ।

असोज १२ गतेदेखि २७ गते सम्म दुर्गापुजाको अवसरमा मेला लगाउन जिल्ला प्रशासन कार्यालयबाट लिएको अनुमति विपरित मनपर्दी प्रवेश शुल्क लिएर समाजमा विकृती फैलाउने गुनासो आएपछि प्रशासनबाट असोज २४ मा नै बन्द गर्न प्रशासनले पत्राचार गरेपनि मेला सञ्चालन गरिरहेको प्रतिस्थानीय जेनजी पुस्ताका




युवाहरुले त्यस प्रति आपत्ति जनाएको हो ।

पत्रकार सम्मेलनमा सप्तरी उद्योग बाणिज्य संघका सदस्य समेत रहेका सुरेन्द्र प्रसाद साहले महोत्सवको नाममा अश्लील गीत, नृत्य र प्रदर्शन भइरहेको र यसबाट स्थानिय व्यापार व्यवसाय समेत धारासायी बन्दै गएकोले बन्द गर्न माग गरे ।

“कुनै पनि महोत्वस हुँदा स्थानिय उत्पादन, व्यवसाय र संस्कृती झल्किने कार्यक्रमहरु गर्नुपर्नेमा देश बाहिरबाट कलाकार ल्याएर मेलाको नामामा विकृती फैलाउने र मनपर्दी शुल्क लिने काम भएको छ” उनले भने । महोत्सव बन्द नगरिए हामी चरणबद्ध आन्दोलनमा उत्रने उनले चेतावनी समेत दिए ।

पत्रकार सम्मेलनमा ओम प्रकाश यादवले महोत्सवले स्थानीय कृषि उत्पादन, कला, संस्कृति, धर्म र परम्परालाई झल्काउने भन्दा निरुत्साहित गरेको

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# अझै नियन्त्रण हुन सकेन अवैध मदिराको कारोवार

अवैध मदिराको खुलेआम व्यापार अझै नियन्त्रणमा आउन सकेको छैन् । अहिले अवैध मदिरा र सूर्तीजन्य पदार्थ प्राय सबै उमेर समूहका व्यक्तिले सेवन गरेको पाइन्छ । मदिरा र सूर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक हो । तर पनि मानिसहरुको यसको प्रयोग गरिरहेका छन् । कुनै चाड पर्व होस् वा खुशीको क्षण वा दुखीको पल यी सबैमा अहिले अनिवार्य नै भइसकेको छ । मानिसहरुले यी क्षणमा मदिरालाई प्राय अनिवार्य नै गरिसकेका छन् । यस्तै भोजभतेरमा मदिरा अनिवार्य नै भइसकेको छ ।

यता सप्तरी जिल्लामा अवैध मदिराको कारोबार फस्टाउँदै गएको छ । सिल प्याक रक्सीमा बढी खर्च हुने र स्थानीय तहमा निर्माण गरिएको रक्सीमा कम मूल्यमा उपलब्ध हुने भएका कारण पनि स्थानीय स्तरमा उत्पादन भएको रक्सीमा सेवनकर्ताहरुको चासो बढ्दै गएको छ । सस्तो दरमा रक्सीको बिक्रीबितरण गर्ने यस्ता व्यापारीहरुको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । सरकारले मदिरा र सूर्तीजन्य पदार्थमा हरेक वर्ष मुल्य बढाएपनि यसको बिक्रि भने झनै बढ्दै गएको छ । मुल्य बढेपनि सरकारलाई यी पदार्थबाटै बढी नै कर आउने गरेको छ ।

तसर्थ यस्ता पदार्थ सेवनकर्ताले आफ्नो स्वास्थ्यको समेत ख्याल गरि कुलतबाट छुटकारा पाउनका लागि ध्यान दिनु आवश्यक छ । यसको नियन्त्रणका लागि सरोकारवाला निकायको पनि ध्यान जानु अति आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# पुनर्जागरण समयको सदुपयोग

**डा दीपेन्द्र रोकाया**

काठमाडौं, २७ असोज (रासस) ।

सामाजिक परिवर्तन कहिल्यै आकस्मिक हुँदैन । ती युगौंसम्म थुप्रिएका असन्तोषका गर्भबाट फुट्छन्, चेतना अनुसार अभिव्यक्त हुन्छन् र अन्ततः संस्थागत रुपान्तरणतर्फ डोरिन्छन् । नेपाली समाजले भोगेको पछिल्लो जेन जी आन्दोलन यस्तै एउटा ऐतिहासिक मोड हो, जसले केबल सरकार वा दलहरूको कार्यशैली माथि प्रश्न उठाएको मात्र छैन, सिङ्गो शासन प्रणाली र राजनीतिक संस्कारको पुनर्विचारको माग गरेको छ ।

नेपालको राजनीतिक इतिहासमा फेरि युवाहरू स्वतःस्फूर्त रूपमा सडकमा उत्रिए । यो आन्दोलन न कुनै दलको निर्देशनमा भयो, न कुनै नेताको आह्वानमा । तर यसले देशको राजनीतिक, प्रशासनिक, आर्थिक र सामाजिक संरचनामै गहिरो धक्का दियो । यसले प्रणालीगत सुधारको लागि मार्गप्रशस्त गरेको छ । जेन जी आन्दोलनको जरा गहिरो छ । नेपाली जनतासँग संवैधानिक संरचनामाथि असन्तोष थियो, जसले 'लोकतन्त्र' भनिए पनि जनताको अपेक्षा, सम्मान र सहभागितालाई निरन्तर उपेक्षा गर्दै आएको थियो । त्यहीबेला अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लाग्यो । प्रशासनिक भ्रष्टाचार र नातावाद मौलाएकै थियो । सत्ताधारीको अहंकारपूर्ण व्यवहार चरम चुलीमा पुगेको थियो । संसदीय अनुत्तरदायित्व व्यवहारबाट जनतले दिक्क मानेका थिए । न्यायालय पहुँचवाला र धनवालाको थियो । यी सबै गतिविधिले समाजमा एक गहिरो असन्तोष बढाएको थियो, जुन जेन जी आन्दोलनको रूपमा विस्फोट भयो ।

यस आन्दोलनमा नाम जेनजीको भए पनि अरु उमेर समूहको पनि सहानुभूति र सहभागिता रहेको थियो । त्यसबेला भएको घुसपैठले नेपालले ठूलै मूल्य चुकाएको छ । चौहत्तर जना होनहार युवाको ज्यान गयो, सयौं घाइते भए । संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, प्रदेश मन्त्रालयहरू, करिब तीन सय स्थानीय तहका कार्यालय, प्रमुख दलका कार्यालय, प्रमुख दलका शीर्ष नेताहरूको निवास, चार सय ८६ भन्दा बढी प्रहरी इकाइका साथै होटल तथा व्यापारिक केन्द्रहरूमा आक्रमण र आगजनी भयो । यसबाट करिब एक खर्बभन्दा बढी आर्थिक क्षति भएको अनुमान गरिएको छ । १० हजारभन्दा बढी श्रमिक प्रभावित भएका छन् । महत्वपूर्ण अभिलेख र प्रशासनिक कागजात नष्ट भएका छन् । यसबाट गर्दा विश्व बैंकले देशको आर्थिक वृद्धि दर ५.२ प्रतिशतबाट २.१ प्रतिशतमा घट्ने अनुमान गरेको छ ।

जेनजी आन्दोलनले राजनीतिक जवाफदेहिता र संस्थागत पुनर्संरचनाको आवश्यकता उजागर गरेको छ । जुन मूल्यमा चेतनाको पुनर्जन्म हुन्छ, त्यो समाजका लागि दीर्घकालीन लाभ हुन्छ । यस्ता आन्दोलनहरू इतिहासका पानामा प्रसस्त भेटिन्छन् । बेलायतको गौरवमय क्रान्ति, फ्रेन्च क्रान्ति, अरब वसन्तदेखि ट्युनिसियामा देखिएको विद्रोहसम्मको अनुभवले ती सबै विकृत संस्थाविरुद्ध जनविद्रोह भएको थियो । ट्युनिसिया, श्रीलङ्का, बङ्गलादेश जस्ता मुलुकमा यस्ता विद्रोहपछि नयाँ चुनाव र पुनःसंरचनाका काम भएका छन् । नेपालमा पनि यो आदोलनले केही गहिरा सामाजिक र राजनीतिक सङ्केतहरू दिएको छ । राजनीतिमा युवाको चासो बढेको छ । सत्ताको अकर्मण्यताको प्रतिवाद जेनजी पुस्ताले गरेको छ । नेताहरूको वास्तविक अनुहार जनतामाझ स्पस्ट भएको छ । कार्यकारी प्रमुख चयनको बहस जीवन्त बनेको छ । नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको विषयमा सार्वजनिक विमर्श हुन थालेको छ । यी सबै सङ्केतहरूले नेपाल गम्भीर मोडमा उभिएको छ ।

जेनजी आन्दोलन संसद् विघटन गर्ने, अन्तरिम सरकार गठन गर्ने र फागुन २१ गते निर्वाचन गर्ने भनेर भएको होइन । यहाँ त संरचनागत, प्रक्रियागत र नैतिक पुनर्निर्माणको आधार निर्माण गर्न भएको हो । संविधान संशोधन र त्यसकै आधारमा चुनाव भएको भए एकोहोरो पर्दथ्यो । संविधान संशोधन नगरी चुनावमा जानु भनेको अर्को अस्थिरताको स्वागत गरेजसो पनि हुनेवाला छ । यसैले शासकीय स्वरुप र निर्वाचन प्रणालीमा सुधार गर्नुपर्छ । यो अहिलेको बहसको मूल विषय बन्नुपर्दछ ।

प्रशासनिक पुनर्संरचना गर्नै पर्नेछ । यो बीचमा अस्थिरता ल्याउने मुख्य काम सिंहदरवारबाट प्रशासनिक सङ्घीयताको काम नहुनाले भएको थियो । अहिले सिंहदरवारभित्र नेताहरूले भोगेको अवस्था प्रशासनिक नेतृत्वले भोग्न सक्ने अनुमान कर्मचारीहरूले नै गर्न थालेको देखिन्छ । यसैले आन्दोलनका क्रममा भएको निरङ्कुश बर्बरताको न्यायिक छानबिन र कारवाही हुनैपर्छ । अभिलेखीय पुनर्स्थापना गर्नैपर्छ । वास्तविक समावेशिता र युवा पुस्तासँग संवादको थालनी छिटो गर्नुपर्छ । सूचना प्रवाहमा पारदर्शिता अपनाउनु पर्छ । दलहरूमा आन्तरिक शुद्धीकरण हुनैपर्छ । यहाँ मुख्य सवाल प्रतिनिधित्वको होइन, नेतृत्वमा युवा पुग्ने बाटो खोल्नुपर्छ ।

आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले निर्वाचनको घोषणा गरिसकेको छ । अधिकांश दलहरू चुनावमा जान तयार छन् । राजनीतिलाई सही दिशामा लैजान पनि सबै राजनीतिक दलहरू निर्वाचनमा जानैपर्छ । विगतमा आफ्ना शासकीय कमजोरीहरूलाई समीक्षा गर्दै जनतामा जानुको विकल्प छैन । नेतृत्व पुस्तान्तरणको कुरा त्यतिकै उठेको होइन । औसत आयुभन्दा माथिका सक्रिय नेतृत्वको सीमा तोकिनुपर्छ । समाजलाई गतिशील बनाउने हो भने युवालाई केबल कार्यकर्ता होइन, निर्णयकर्ता नै बनाउनुपर्छ ।

संरचनागत लोकतन्त्रको कार्यान्वयन हुनपर्छ । दलभित्र सबै पदमा स्वच्छ प्रतिस्पर्धाबाट निर्वाचित हुने व्यवस्था हुनपर्छ । आन्तरिक लोकतन्त्र बलियो भयो भने मात्र राजनैतिक संस्कार बस्न सक्छ । आलोचना स्वीकार गर्न सक्नुपर्छ । हामीले देख्ने नेतृत्व नीतिगत स्पष्टता, २१ औं शताब्दीका मुद्दा पहिचान गर्ने र त्यसको सम्बोधन गर्नसक्ने हुनुपर्छ । डिजिटल प्रविधि, पर्यावरण, मातृवर्ग र श्रमजीवी नागरिकको विषयमा स्पस्ट हुनपर्छ । सबैखाले भ्रष्टाचारविरुद्ध निरन्तर लागिरहने संस्कृति बनाउन सक्नुपर्छ । युवाहरूको मागसँग संवाद गरिरहनु पर्छ । आन्तरिक लेखापरीक्षण र पारदर्शिता हुनैपर्छ । आर्थिक पारदर्शिता, स्वतन्त्र मूल्याङ्कन गर्ने पद्दति बसाल्नुपर्छ । राजनैतिक पार्टीहरूले आत्मसमीक्षा गरी आफ्नो तर्फबाट भएको गल्ती कमजोरीलाई स्वीकार गर्नुपर्छ ।

अहिले निर्वाचन कार्यतालिका सार्वजनिक भइसकेको छ । यही अवस्थामा हेर्दा संविधान संशोधनका मुख्य विषयवस्तु लिएर चुनावमा जानुपर्ने देखिन्छ । राष्ट्रियसभा साँच्चीकैको विज्ञ सभा बनाउने, प्रतिनिधिसभाको सङ्ख्या जनसङ्ख्याको भन्दा पनि भूगोलमा आधारित हुने गरी संशोधन गर्नुपर्ने देखिन्छ । राष्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभा सदस्यले कानुन बनाउनेमा क्रियाशील हुनु पर्दछ । प्रत्यक्ष जननिर्वाचित कार्यकारी प्रमुख (राष्ट्रपति वा प्रधानमन्त्री) र मुख्यमन्त्री भयो भने राजनैतिक अस्थिरताको अन्त्य हुनसक्छ । उनीहरूको नेतृत्वमा विषय विज्ञहरू सम्मिलित सरकार सञ्चालन गर्दा बढी प्रभावकारी देखिनेछ ।

यतिबेला केहीले प्रदेश र सङ्घीयता खारेज हुनुपर्दछ भनिरहेका छन् । सङ्घीयताको मुटु प्रदेश हो । सङ्घीयता सबलीकरणसम्बन्धी एक अध्ययनले वितेका ३० वर्षमा नभएका कामहरू सङ्घीयता आएपछिको सात वर्षमा भएको देखिएको छ । बरु प्रदेशसभा सदस्यको सङ्ख्या घटाउने वा सोही प्रदेशका स्थानीय तहका प्रमुख र उपप्रमुखलाई पार्षद बनाएर हिउँदे अधिवेशन (नीति तथा कार्यक्रम र बजेट अधिवेशन) र वर्षे अधिवेशन (विधायन अधिवेशन) गर्ने पद्धति बसाल्न सकिन्छ । स्थानीय तहको सङ्ख्या घटाएर तीन सयसम्म झार्दा हुन्छ । यसमा वडाको सङ्ख्या भने बढाउनुपर्ने हुन्छ ।

जेनजी आन्दोलन दुई दिन चल्यो । यो अग्रगामी कदम हो । अन्तरिम सरकारले यसमा अलमल देखायो भने फेरी खराब अवस्था आउन सक्छ ।

*बाँकी तीन पृष्ठमा*

मालपोत कार्यालय कन्चनपुर, ससरीबाट जारी छुट जग्गा दर्ता सहित नामसारी
हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

मिति: २०८२/६/२६

सप्तरी जिल्ला कमलपुर गा.वि.स. वा.नं. २ हाल परिवर्तित ठेगाना सप्तकोशी न.पा. वा.नं. ९ बस्ने लक्ष्मी महतो कोइरीले बाबु बहादुर महतोको नाममा तपसील बमोजिमका जग्गा रहेकोमा बहादुर महतोको मिति २०३४ साल अगावैमा, निजकी एकमात्र पत्नि श्रीमती चम्पीदेवी महतो मिति २०३३ साल अगावैमा मृत्यु भएको र निजहरुको शेषपछिको हकवाला अविवाहित छोरीहरु कोही नरही एक मात्र छोरा लक्ष्मी महतो कोइरी मात्र रहेकोले मेरो नाममा छुट जग्गा दर्ता गरी नामसारी गरी पाऊं भन्ने व्यहोरा खुलाई यस कार्यालयमा निवेदक संख्या एकले द.नं. ६५४२ मिति २०८२।२।२६ मा निवेदन मागदावी गरेकोमा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपूर्जा दिन नमिल्ने कुनै कारण भए वा माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी हुन नपर्ने कुनै कारण भए सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गुठी लगायत अन्य साँध सँधियारको जग्गा घुसी घुसाई नाँप जाँच भएको भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीको लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित कित्ता जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५(पैतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजूर/दावी गर्न आउनुहोला । तोकिएको म्यादभित्र कोही कसैको उजूर/दावी पर्न नआए माग दावीलाई स्वीकार गरेको मानी कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ ।

तपसील

| मृतक ज.ध. | ज.ध .को बाबुको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| बहादुर महतो | कन्चन महतो | | सप्तरी | कमलपुर | १ | १ | ०-४-११ | फिल्डबूक उत्तारको कैफियत महलमा कमलपुर वा.नं. २ बस्ने बहादुर महतोको नम्बरी हो उल्लेख रहेको । |

मालपोत अधिकृत
मालपोत कार्यालय,
कन्चनपुर, सप्तरी

# पार्टीमा युवा विद्यार्थीको ४० प्रतिशत सहभागिता सुनिश्चित गर्ने नेविसंघको माग

काठमाडौँ, २७ असोज (रासस) ।

नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)ले पार्टीका विभिन्न निकायमा युवा विद्यार्थीको ४० प्रतिशत सहभागिता सुनिश्चित गराउन माग गरेको छ ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि पहिलोपटक बसेको नेविसङ्घको केन्द्रीय समितिको बैठकले राजनीतिक दलको पुनःसरचना प्रक्रिया अघि बढाई पार्टीका साथै संसद्, सङ्घ, प्रदेश र स्थानीय तहका निकायमा युवा तथा विद्यार्थीको कम्तीमा ४० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्न माग गरेको हो ।

बैठकको निर्णयबारे जानकारी दिन सोमबार आयोजित पत्रकार सम्मेलनमा नेविसङ्घका अध्यक्ष दुजाङ शेर्पाले सबै राजनीतिक दलले आफ्ना विधान र नीतिगत दस्तावेजमा व्यापक परिमार्जन गरी पार्टीभित्र भ्रष्टाचार नियन्त्रणका लागि निष्पक्ष, पारदर्शी र प्रभावकारी आन्तरिक संयन्त्र स्थापना गर्नुपर्ने बताउनुभयो ।

नेविसङ्घले पार्टीलाई भ्रष्टाचार र बेतिथिबाट मुक्त गर्दै सुशासन र पारदर्शिता प्रवर्द्धन गर्ने उद्देश्यका साथ, पार्टीका इकाई सभापति, क्षेत्रीय सभापति, जिल्ला सभापति, केन्द्रीय सदस्य, पदाधिकारी तथा केन्द्रीय सभापतिसम्मका सम्पत्तिको अद्यावधिक विवरण पार्टीले प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्ने नीति अवलम्बन गर्नुपर्ने बताएको छ ।

यस्तै, जेनजी आन्दोलनले उठाएको भ्रष्टाचार र बेतिथिविरुद्धको आवाजलाई संस्थागत अभियानका रूपमा नेविसङ्घले अगाडि बढाउने भएको छ । अध्यक्ष शेर्पाले भ्रष्टाचार नियन्त्रणसम्बन्धी विद्यमान कानुनलाई समयानुकूल परिमार्जन गरी थप प्रभावकारी, थप दण्डनीय र रोकथाममुखी बनाउन नेपाल सरकार एवम् सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय बैठकले गरेको जानकारी दिनुभयो ।

नेविसङ्घले विस २०४६ सालदेखि हालसम्म सरकारमा रहेका व्यक्तिको सम्पत्तिको निष्पक्ष छानबिन गर्ने व्यवस्था मिलाउन मागसमेत गरेको छ ।

जेनजी आन्दोलनमा घुसपैठ गर्ने, विभिन्न माध्ययमबाट हिंसा भड्काउने व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नसमेत नेविसङ्घले सरकारसँग माग गरेको छ । यस्तै, भदौ २३ गते युवा विद्यार्थीमाथि दमन गर्ने नेतृत्वलाई कडा कारबाही गर्नुपर्ने नेविसङ्घको माग छ ।

यस्तै, जेनजी आन्दोलनका क्रममा आगजनी, तोडफोड र लुटपाटबाट सार्वजनिक तथा निजी सम्पत्ति जोगाउन योगदान पुऱ्याउने व्यक्तिहरूलाई पहिचान गरी सम्मान र संरक्षण गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायहरूलाई अनुरोध गरेको छ ।

नेविसङ्घले देशमा उत्पन्न राजनीतिक अविश्वास र दलप्रतिको जनअसन्तोषको मूल कारण नै उत्तरदायित्व, पारदर्शिता र आन्तरिक लोकतन्त्रको अभाव भएको ठहर गर्दै राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र निर्वाचनसम्बन्धी व्यवस्थामा आवश्यक संशोधन गरी दलहरूलाई उत्तरदायी, पारदर्शी र जनमुखी बनाउने कानुनी कार्यन्वियन सुनिश्चित गर्नुपर्ने बताएको छ ।

## *पुनर्जागरण समयको ...*

विश्वभरका घटनाक्रमले यो समयमा युवाहरू• ले हौसिने होइन, धैर्यताका साथ पार लगाउने विषयमा सोच्नुपर्छ । राजनीतिक दलहरूले विगतको गल्ती स्वीकार गरेनन्, युवालाई नेतृत्वमा आउने आधार बनाएनन्, पारदर्शिता र जवाफदेहिताको नयाँ युग सुरु गर्न सकेनन् भने समयले किनारा लगाउनेछ । राजनीति केवल शासन गर्ने साधन मात्र होइन, विश्वास निर्माण गर्ने, प्रणाली सुधार गर्ने र नागरिक चेतनालाई सम्मान गर्ने माध्यम हो । यसैले अबको निर्वाचन सरकार बनाउने प्रक्रिया मात्र होइन, राज्य निर्माणको दिशासमेत हो । यो समयलाई प्रतिगामी सोच मौलाउने र यथास्थितिमा अल्मलिन दिनुहुँदैन ।

यसैले बौद्धिक वर्ग, नागरिक समाज, मिडिया र युवाहरूको सक्रिय भूमिका आवश्यक छ । यो समय परिवर्तन र रूपान्तरणको हो । नेपालको इतिहास फेरि एकपटक सम्भावनाको मोडमा उभिएको छ । यो मोड पार गर्नसक्ने क्षमताको विकास राजनीतिक दल, नागरिक समाज र प्रशासनिक संरचनाहरूको सामूहिक आत्मसमीक्षा र प्रतिबद्धतामा निर्भर गर्दछ । यसैले आगामी निर्वाचनमा देशलाई समाजवादमा लाने राम्रा उम्मेदारको छनोटमा जोड दिनुपर्छ ।

पैसाको भरमा चुनाव लड्ने र जितेपछि लुट्ने सपना देख्ने प्रवृत्तिको अन्त्य गराउने वातावरण बनाउनुपर्छ । यसका लागि निर्वाचन आयोगले चुनावी सभाहरूको आयोजना गरी देश र जनताको पक्षमा काम गर्ने उम्मेदवारलाई एउटै मञ्चमा प्रश्नोत्तर गरेर जनताले चिन्न पाउने अवस्था निर्माण गर्नु उपयुक्त हुन्छ । स्मरण रहोस्, यो लोकतान्त्रिक पुनर्जागरणको समय हो । यसको सही व्यवस्थापन अन्तरिम सरकारबाट हुनुपर्छ ।

# जलेका कागजात पुनः प्राप्तिका लागि निवेदन दिन ट्राफिक प्रहरी कार्यालय धाउनु नपर्ने

काठमाडौँ, २७ असोज (रासस) ।

गत भदौ २३ र २४ गते 'जेनजी' युवाहरूको आन्दोलनका क्रममा ट्राफिक प्रहरी कार्यालयमा जलेका सवारीसाधनका कागजातको पुनः प्राप्तिका लागि निवेदन दिन सेवाग्राहीले प्रहरी कार्यालय धाउनु नपर्ने भएको छ ।


जलेका कागजातको पुनः प्राप्तिका लागि अनलाइन प्रणालीमार्फत सेवा लिन सकिने जनाइएको छ । आगजनीका कारण ट्राफिक कार्यालयमा रहेका सवारीसाधनका कागजात, सवारीचालक अनुमतिपत्र, दर्ता किताब, जरिवाना विवरणलगायतका महत्वपूर्ण सरकारी कागजात जलेर नष्ट भएका थिए ।

काठमाडौँ उपत्यका ट्राफिक कार्यालयको वेबसाइटमा 'कागजात हराएमा'मा क्लिक गरी फारम भर्न सकिने उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

निवेदन सबमिट भएपछि आवेदन नम्बर आउँछ । पछि चेक एप्लिकेसनमा उक्त नम्बर राख्दा क्यूआर कोडसहितको सिफारिस पत्र सेवाग्राहीले प्राप्त गर्छन् । उहाँले भन्नुभयो, "क्युआर कोडको सिफारिस पत्रसहित सम्बन्धित यातायात कार्यालयमा सेवाग्राहीले जानुपर्ने हुन्छ । यसबाट सेवाग्राहीको समयको बचत हुनुको साथै ट्राफिक प्रहरी कार्यालयमा कामको चाप कम हुन जान्छ ।"

साथै कुनै व्यक्तिको कागजात जलेको छ र ट्राफिक प्रहरीले पहिले नै काटेको २४ घण्टे पुर्जी वा सिफारिस पत्रका आधारमा हाललाई सवारीसाधन सञ्चालन गर्न सकिने प्रवक्ता सुवेदीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "सवारीचालक अनुमतिपत्र नभए पनि, यदि ट्राफिक प्रहरीले पहिले काटेको २४ घण्टे पुर्जी वा कुनै प्रमाण रहेको छ भने सोहीलाई आधार मानेर सवारी चलाउन दिइनेछ ।"



मालपोत कार्यालय कन्चनपुर, सप्तरीबाट जारी छुट जग्गा दर्ता सहित नामसारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

मिति. २०८२/६/२७

सप्तरी जिल्ला फतेपुर गा.वि.स. वा.नं. ७ हाल परिवर्तित ठेगाना सप्तकोशी न.पा. वा.नं. ४ बस्ने रामएकबाल रजक धोबीले बाबु सम्पति साफी धोबीको नाममा तपसील बमोजिमको जग्गा नाप नक्सा भई दर्ता हुन सम्म छुट भएको र सम्पति साफी धोबीको मिति २०४७/५/७ मा, निजकी एकमात्र पत्नि रनिया देवीको पनि २०२३ सालमा मृत्यु भएको र निजहरूको शेषपछिको हकवाला अविवाहित छोरीहरु कोही नरही तीन (३) मात्र छोराहरु देवी साफी रजक, नारायण साफी र रामएकबाल रजक धोबी मात्र रहेकोमा सम्मानित सप्तरी जिल्ला अदालतबाट मिति २०४७/२/६ मा भएको अंश मिलापत्र मुद्दा बमोजिम रामएकबाल रजक धोबी (निवेदक) को अशभागमा परेको, फिल्डबुकको किसान महलमा उल्लेखित फुलेश्वर सदाको एकमात्र पत्नि श्रीमती भालसर देवीले भूमीसुधार कार्यालय, सप्तरीको मि.नं. ५०३/०५१।०५२ को मोही बाँडफाँट मुद्दामा मिति २०५१/११/२५ गते मिलापत्र गरी मोही दावी छाडिदिएको जग्गा मेरो नाममा छुट जग्गा दर्ता गरी नामसारी गरी पाउँ भन्ने व्यहोरा खुलाई यस कार्यालयमा निवेदक संख्या एकले द.नं. ६३५४ मिति २०८१।११।२४ मा निवेदन मागदावी गरेकोमा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपूर्जा दिन नमिल्ने कुनै कारण भए वा माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी हुन नपर्ने कुनै कारण भए सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गुठी लगायत अन्य साँध, साँधियारको जग्गा घुसी पुराई नाप जाँच भएको भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीको लागि यस पूर्व मिसिल भिडाइ दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित किता जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्यादबाहेक ३५ (पैतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजूर/दावी गर्न आउनुहोला । तोकिएको म्यादभित्र कोही कसैको उजूर/दावी पर्न नआए माग दावीलाई स्वीकार गरेको मानी कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ ।

तपसील

| मृतक ज.ध. | ज.ध. को बाबुको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| सम्पति साफी | हियालाल रजक साफी | | सप्तरी | भरुवाखाल | ६क | ४५७ | ०-४-५ | फिल्डबुक उत्तारको कैफियत महलमा यो जग्गा को बरसाइन बस्ने जानकीका पछि सम्पति साफीको नम्बरी हो बटैया गरी आएको छु उल्लेख रहेको । |

मालपोत अधिकृत
मालपोत कार्यालय,
कन्चनपुर, सप्तरी

# विश्व समाचार

## ट्रम्पलाई इजरायलको सर्वोच्च नागरिक सम्मान प्रदान गरिने

जेरुसेलम, २७ असोज (रासस/एएफपी) ।

इजरायलका राष्ट्रपति आइज्याक हर्जोगले आफ्ना अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पलाई गाजाबाट बन्धकहरूको रिहाइमा महत्त्वपूर्ण भूमिका खेलेको र युद्ध अन्त्यका प्रयासमा योगदान पुऱ्याएको भन्दै देशको सर्वोच्च नागरिक सम्मान 'इजरायली प्रेसिडेन्सियल मेडल अफ अनर' प्रदान गर्ने घोषणा गर्नुभएको छ । राष्ट्रपति हर्जोगले सोमबार आफ्नो कार्यालयमार्फत जारी गरिएको विज्ञप्तिमा भन्नुभयो, "आफ्नो अथक र निष्ठापूर्ण प्रयासद्वारा राष्ट्रपति ट्रम्पले हाम्रा प्रियजनहरूलाई घर फर्काउन मात्र सहयोग गर्नुभएन, उहाँले सुरक्षा, सहकार्य र शान्तिपूर्ण भविष्यमा आधारित नयाँ मध्यपूर्वको युगको जग समेत बसाल्नुभएको छ ।"

हर्जोगका अनुसार यो पुरस्कार 'आगामी महिनाहरूमा' प्रदान गरिनेछ, अमेरिकी राष्ट्रपति ट्रम्पको हालैको इजरायल भ्रमणका क्रममा हर्जोगले उहाँलाई यसबारे औपचारिक रूपमा जानकारी गराउनुभएको बताइएको छ । सोमबार इजरायल र हमासबीच ट्रम्पले प्रस्ताव गर्नुभएको शान्ति योजनाको पहिलो चरणको भागस्वरूप बन्धक-कैदी आदानप्रदान प्रक्रिया आरम्भ हुने तयारी भइरहेको पनि बताइएको छ । ट्रम्पको २० बुँदे शान्ति योजनाले इजरायल र हमासबीच सन् २०२३ अक्टोबर ७ मा सुरु भएको र दुई वर्षभन्दा बढी समयदेखि जारी युद्धको अन्त्य गर्ने लक्ष्य लिएको छ । सो दिन प्यालेस्टिनी लडाकू समूह हमासले इजरायलमा अभूतपूर्व आक्रमण गरेको थियो । त्यसपछि निरन्तर द्वन्द्व जारी रहँदै आएको हो ।

इजरायल भ्रमणका क्रममा राष्ट्रपति ट्रम्पले बन्धक परिवारका सदस्यहरूसँग भेटवार्ता गर्ने र इजरायली संसद् (नेसेट) लाई सम्बोधन गर्ने कार्यक्रम पनि तय गरिएको छ । राष्ट्रपति हर्जोगले भन्नुभयो, "यो सम्मान ती महान् व्यक्तित्वहरूलाई प्रदान गरिन्छ जसले इजरायल राज्य वा सम्पूर्ण मानव जातिको हितका लागि असाधारण योगदान पुऱ्याएका हुन्छन् ।" यसअघि सन् २०१३ मा इजरायलले पूर्व अमेरिकी राष्ट्रपति बाराक ओबामालाई पनि यही पुरस्कार प्रदान गरेको थियो ।

## इरानले गाजा सम्झौताका लागि हुने शिखर सम्मेलनमा भाग नलने : अब्बास

तेहरान, १७ असोज (रासस/सिन्ह्वा) ।

इरानका विदेश मन्त्री सैयद अब्बास अराघचीले सोमबार गाजा युद्ध अन्त्य गर्न इजिप्टको शर्म अल-शेखमा सोमबार हुने अन्तर्राष्ट्रिय शिखर सम्मेलनमा तेहरानले भाग नलिने बताउनुभएको छ । कूटनीतिक संलग्नताको पक्षमा हुँदा, पनि राष्ट्रपति र इरानी जनतालाई आक्रमण गर्ने धम्की र प्रतिबन्ध जारी राख्ने समकक्षहरूसँग संलग्न हुन नसक्ने अराघचीले सामाजिक सञ्जाल प्लेटफर्म एक्स मार्फत जनाउनु भएको हो । यद्दपी इरानले गाजामा इजरायलको "नरसंहार" अन्त्य गर्ने र इजरायली सेनाको निष्काशन सुनिश्चित गर्ने सबै पहललाई स्वागत गर्ने उहाँले बताउनु भएको छ ।

अराघचीले प्यालेस्टिनीहरू "आत्मनिर्णयको मौलिक अधिकार सुरक्षित गर्न पूर्ण रूपमा हकदार भएको जनाउदै सबै राज्यहरूले उनीहरूलाई यस विषयमा सहयोग गर्नु पर्ने बताउनु भएको छ । उहाँले इरान सधैं यस क्षेत्रको शान्तिका लागि एक "महत्वपूर्ण पक्षधर भएको उल्लेख गर्दै इजरायलको विपरीत, इरानले 'सदाका लागि युद्ध' नभइ स्थायी शान्ति, समृद्धि र सहयोग चाहने बताउनुभएको छ । शर्म अल-शेखमा सोमबार हुने शिखर सम्मेलनमा २० भन्दा बढी देशका नेताहरूले भाग लिने कार्यक्रम तय भएको जनाइएको छ ।

## संयुक्त राष्ट्रसङ्घद्वारा गाजामा मानवीय सहायता विस्तारको पहल

संयुक्त राष्ट्रसङ्घ, २७ असोज (रासस/सिन्ह्वा) ।

गाजा क्षेत्रमा संयुक्त राष्ट्रसङ्घको मानवीय सहायता अभियान तीव्र रुपमा अघि बढिरहेको छ । मार्च महिनापछि पहिलो पटक पकाउने ग्यास गाजामा प्रवेश गरेको संयुक्त राष्ट्रसङ्घको मानवीय सहायता समन्वय कार्यालय (ओसीएचए) ले जानकारी दिएको छ । प्राप्त विवरणअनुसार, विस्थापित परिवारहरूका लागि आवश्यक परेका थप पाल, ताजा फलफूल, पिठो तथा औषधी आइतबारभरि गाजामा आपूर्ति गरिएको छ ।

संयुक्त राष्ट्रसङ्घ तथा यसका साझेदार संस्थाहरूले गाजाको उत्तर र दक्षिण क्षेत्रभरि लाखौं तातो खाना तथा रोटी वितरण गरिरहेका छन् । ओसीएचाले जनाएअनुसार, इजरायली अधिकारीहरूबाट थप राहत सामग्री पठाउन आवश्यक स्वीकृति प्राप्त भइसकेको छ । यसअनुसार करिब एक लाख ९० हजार मेट्रिक टन खाद्यान्न, औषधी, आश्रय सामग्री लगायतका आवश्यक वस्तुहरू आपूर्तिको तयारीमा छन् ।

ओसीएचाले भनेको छ,"यो सहयोग अभियानको सुरुआत मात्र हो ।" युद्धविरामको पहिलो ६० दिनभित्र गाजाभर जीवनरक्षक सेवा तथा सामग्री पुऱ्याउने उद्देश्यले सहायता कार्यलाई विस्तार गर्ने योजना रहेको बताइएको छ । संयुक्त राष्ट्रसङ्घका मानवीय सहायता तथा आपतकालीन राहत समन्वयकर्ता टम फ्लेचरले बिहीबार पत्रकारहरूलाई जानकारी दिँदै भन्नुभयो,"हामीले पहिलो ६० दिनको अवधिमा दैनिक सयौं ट्रकमार्फत करिब एक लाख ७० हजार मेट्रिक टन राहत सामग्री खाद्य वस्तु, औषधी तथा अन्य आवश्यक सामग्री गाजामा पुऱ्याउने तयारी गरिरहेका छौं ।"

उहाँका अनुसार, यो अभियान अन्तर्गत करिब २१ लाख जनतालाई खाद्य सहायता, पाँच लाख जनालाई पोषण सेवा, १४ लाख जनालाई पानी तथा सरसफाइ सेवा उपलब्ध गराइनेछ । साथै, आश्रयका लागि व्यापक स्तरमा पाल तथा सामग्रीको व्यवस्था गरिनेछ भने करिब सात लाख स्कूले बालबालिकाका लागि अस्थायी शिक्षण केन्द्र पुनः सञ्चालन गरिने योजना रहेको छ । गाजामा युद्धविरामको सम्झौता इजरायल र हमासबीच गत शुक्रबारदेखि लागू भएको हो । सो सम्झौता इजिप्टको शार्म एल-शेखमा तीन दिनसम्म चलेको वार्तापछि सम्पन्न भएको हो, जसमा इजिप्ट, कतार, टर्कीए र संयुक्त राज्य अमेरिकाले मध्यस्थता गरेका थिए ।

# मुख्यमन्त्री सिंहले विश्वासको मत लिने

**दैनिक समाचारदाता**
**जनकपुर, २७ असोज ।**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मङ्गलबार विश्वासको मत लिने भएका छन् ।

प्रदेशसभा सचिवालयका सचिव वासुप्रसाद कोइरालाले यही असोज २८ गते दिउँसो १ बजे बस्ने प्रदेशसभा बैठकमा मुख्यमन्त्रीले विश्वासको मत लिने कार्यक्रम रहेको जानकारी दिए ।

सचिवालयले आइतबार सूचना जारी गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रानुसार नेपालको संविधानको धारा, १८८ को उपधारा (२) तथा प्रदेशसभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४३ को (४) बमोजिम मुख्यमन्त्री सिंहले विश्वासको मत लिने प्रयोजनका लागि प्रदेशसभा बैठक सञ्चालनको आह्वान गरिएको जनाएको हो ।

# नर्सिङको तलब सरकारी सरह दिन निर्देशन

काठमाडौँ, २७ असोज (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नर्सिङ तथा स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक र सेवा सरकारी सरह नघट्ने गरी लागू गर्न आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले सबै सरकारी अस्पताल, प्रतिष्ठान, मेडिकल कलेज र सामुदायिक तथा निजी अस्पताललाई नर्सिङ एवं स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक र सेवा सुविधा सरकारी सरह नघट्ने गरी लागू गर्न पत्राचार गरिएको जानकारी दिनुभयो ।

मन्त्रालयले यसअघि पनि निर्देशन दिइसकेकाले कतिपय ठाउँमा कार्यान्वयन नभएको गुनासो आएकाले फेरि पनि निर्देशन दिइएको उहाँले बताउनुभयो ।

पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा कार्यरत नर्सिङहरूले सरकारले तोकेको न्यूनतम पारिश्रमिक पाउनुपर्ने माग राख्दै अहिले आन्दोलन गरिरहेका छन् । उहाँका अनुसार तोकिएको समयभन्दा बढी कामका लागि अतिरिक्त भत्ता व्यवस्था गर्न पनि निर्देशन दिइएको छ ।

मन्त्रालयले स्वास्थ्य तथा शैक्षिक संस्थाले करार गरी राख्नुपर्ने, ज्यालादारी कार्य गराउन नपाइने र सक्कली शैक्षिक प्रमाणपत्र कार्यालयमा राख्न नपाइनेसमेत निर्देशन दिएको उहाँले बताउनुभयो । यस्तै मन्त्रालयले नर्सिङलगायत अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक बैङ्किङ प्रणालीबाट मात्र उपलब्ध गराउनसमेत आग्रह गरेको छ ।

# पूर्वसभामुख महरा पक्राउ

काठमाडौँ, २७ असोज (रासस) ।

पूर्वसभामुख कृष्णबहादुर महरालाई पक्राउ गरिएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले आइतबार उहाँलाई पक्राउ गरेको हो ।

ब्युरोका प्रहरी वरिष्ठ उपरीक्षक एवं सूचना अधिकारी शिवकुमार श्रेष्ठद्वारा जारी प्रेस विज्ञप्तिमा सुन बेचबिखन गरी आपराधिक समूह बनाई सङ्गठित रूपमा लाभ लिएको अभियोगमा उहाँलाई पक्राउ गरिएको उल्लेख छ ।

विज्ञप्तिमा विसं २०७९ पुष १० गते दुबईबाट नेपाल आएका चिनियाँ नागरिक ली हानसोङ्ले दुईवटा सुटकेसभित्र ७३ बट्टामा रहेको ७३० इलेक्ट्रिक सिगरेट अवैध रूपमा त्रिभुवन विमानस्थल हुँदै नेपाल ल्याउँदै गरेको अवस्थामा जफत भएकामा त्यसलाई बेचबिखन गरी महराले लाभ लिएको आरोप छ ।

"उक्त सुन त्रिभुवन अन्तरराष्ट्रिय भन्सारको स्टोरमा राखिएकामा उक्त कार्यालयका नायब सुब्बा रेवन्त खड्कासमेतले आफ्नो जिम्मा र संरक्षण रहेको नेपाल सरकारको गोदामबाट उक्त सुनसहितको सिगरेटमा रहेको रु आठ करोड ५५ लाख २८ हजार ३७४ बराबरको सुन बेचबिखन गरी आपराधिक समूह बनाई सङ्ठित रूपमा लाभ लिएको देखिएकाले भन्सार ऐन, २०६४ तथा आपराधिक लाभ र सङ्गठित अपराधमा संलग्न महरालाई पक्राउ गरी थप अनुसन्धान कार्य भइरहेको छ", विज्ञप्तिमा भनिएको छ ।"

# कैदीबन्दी लुकाउनेलाई कानुन बमोजिम कारबाही गरिने

महोत्तरी, २७ असोज (रासस) ।

जेनजीको आन्दोलनको मौका छोपी गत भदौ २४ गते महोत्तरी जिल्लाको जलेश्वर कारागारबाट भागेका कैदीबन्दीलाई लुकाउने वा आश्रय दिने व्यक्तिलाई कानुन बमोजिम कारबाही गरिने भएको छ ।

कारागार कार्यालय जलेश्वरले एक सूचना जारी गर्दै सो कारागारबाट भागेका सबै ५७६ कैदीबन्दीलाई यही असोज २० गतेसम्म फर्कि आउन अनुरोध गरेकामा नौ भारतीयसहित २८१ जना फर्केर आइसकेका तथा अझै २९५ कैदीबन्दी आउन बाँकी रहेको जनाएको छ । कारागारका जेलर अशोक क्षेत्रीले तोकिएको अवधीभित्र फर्कि नआउने फरार कैदीबन्दी उपर कारागार ऐन २०७९ र नेपालको प्रचलित कानुन बमोजिम कारबाही हुने बताउनुभयो ।

कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिलाई कसुरदार ठानी प्रचलित कानुन बमोजिम कारबाही कारागारद्वारा जारी सूचनामा उल्लेख छ । गत भदौ २४ गते राति जलेश्वर कारागारमा रहेका ४० भारतीयसहित ५७६ कैदीबन्दी फरार भएका थिए । जलेश्वर कारागारबाट भागेकामध्ये १३ कैदीबन्दीलाई भारततर्फ भाग्दै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरी पुनःकारागार फर्काउन मद्दत गरेका थिए ।

# पर्सामा २१ हजार जनालाई हैजा विरुद्धको खोप लगाइयो

काठमाडौँ, २७ असोज (रासस) ।

हैजा प्रभावित पर्सामा हालसम्म २१ हजार जनालाई खोप प्रदान गरिएको छ । जिल्लाका पाँच स्थानीय तहका नागरिकलाई उक्त खोप लगाइएको हो ।

वीरगञ्ज नगरपालिका, पोखरिया नगरपालिका, जगरनाथपुर गाउँपालिका, सखुवा प्रसौनी गाउँपालिका र धोबीनी गाउँपालिकामा हैजा विरुद्धको खोप अभियान सञ्चालन भइरहेको छ । स्वास्थ्य सेवा विभागअन्तर्गत बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले पर्सामा ६ लाख ५२ हजार लक्षित जनसङ्ख्या रहेकामा २१ हजार १९६ जनालाई हैजा विरुद्धको खोप दिइएको जानकारी दिनुभयो ।

जगरनाथपुरमा ३२ हजार ५३ जनामध्ये १७५ जनालाई, सखुवा प्रसौनीमा ३५ हजार १७९ जनामध्ये ४ हजार ९९९, वीरगञ्ज महानगरपालिकामा दुई लाख ७५ हजार ६७३ जनामध्ये नौ हजार ५१३, पोखरियामा ३७ हजार ८७४ जनामध्ये चार हजार ८७६ र धोबीनीमा २२ हजार ५४२ जनामध्ये दुई हजार ५३३ जनालाई हैजा विरुद्धको खोप लगाइएको हो ।

पर्सामा आइतबार प्रमुख जिल्ला अधिकारी तोयानारायण सुवेदीलाई खोप लगाएर उक्त अभियान थालिएको हो । सरकारले हैजाको महामारीको उच्च जोखिमलाई ध्यानमा राखी पर्सा र बारामा हैजा विरुद्धको खोप अभियान सञ्चालन गरेको हो ।

गत भदौ ६ गते पर्साको वीरगञ्ज महानगरपालिका-१२ मुरली टोलबाट देखिन सुरु गरेको हैजा रोगबाट हालसम्म पर्सा र बारामा गरी एक हजार ६८५ हैजाका बिरामी फेला परेका छन् । हैजा विरुद्धको खोप अभियानका लागि स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाले १० लाख १८ हजार एक सय मात्रा खोप पर्सा र बारा पठाइसकेको छ । दुवै जिल्लामा चार लाख तीन हजार ३२१ जनालाई खोप दिइनेछ ।

हाल पर्साको १४ वटै स्थानीय तह र बाराका ६ स्थानीय तहमा सो अभियान सञ्चालन गरिनेछ । खोप शाखा प्रमुख डा गौतमले हालसम्म सबै जना खोप लिन इच्छुक रहेका जानकारी दिनुभयो ।

***महोत्सवको नाम ...***

बताए ।

त्यस्तै बोदे बरसाईन वडा नं. १ का युवा पुष्पेन्द्र साहले जिल्ला प्रशासन कार्यालयले असोज २४ गतेदेखि मेला बन्द गर्न निर्देशन जारी गरेपनि नगरपालिकाबाट २७ गतेदेखि कार्तिक ८ गतेसम्मको अनुमति लिएर बोदे बरसाइन महोत्सवको नाममा यस्तो गतिविधि गरेको प्रति आपत्ति जनाएका छन् ।

मेला बन्द गर्ने निर्णयपछि पनि आयोजकहरूले महोत्सवलाई निरन्तरता दिई दुर्गा पूजाको नाम परिवर्तन गरी "श्री बोदेबरसाइन महोत्सव" महोत्सवको नाममा पैसा उसुली गर्दै आएको र केही व्यक्तिले आफ्नो स्वार्थका लागि प्रशासनबाट अनुमति लिन प्रयास गरिरहेको बताए । पत्रकार सम्मेलनमा राजकिशोर यादव, राजु यादव, बैधनाथ यादवलगायत का जेनजी पुस्ताका प्रतिनिधि तथा स्थानीय युवाहरुको उपस्थिति रहेको थियो ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०६/०७

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. २० माधव मडर धानुकको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे कजौलीको सा.कि.नं. २५१ को ज.वि. ०-८-१० मध्ये ७ नं. फाँटवारीमा सोने लाल मडल मधैया धानुकको नाममा कायम भएको ०-७-० जग्गा मिति २०२७/१२/३१ मा सोने लाल मंडल मधैया धानुक सँग मलभोगिया देवी धनुकाईनले खरिद गरी लिएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स महादेवा वडा नं.२ हाल महादेवा गा.पा. वडा नं. २ बस्ने बिहारी मंडलको नाति सम्पैत मण्डलको पत्नी मलभोगिया देवीको छोरा शिव नारायण मण्डलको यस कार्यालयमा द.नं. ७३५ मिति २०८२/०४/१३ गतेमा माग निवेदन गरी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०६/०७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको मागमा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति. गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २५१ | माधव मंडर धानुक | महादेवा | २क | १२५ | ०-३-५ | शिव नारायण मंडल | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा खाली रहेको । |

.................
भुपेन्द्र राई
प्रमुख मालपोत अधिकृत

प्रमुख मालपोत अधिकृत

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*